विषय कोड नं. १०२१

# एसइइ पूर्व तयारी परीक्षा-२०८१

विषयः अनिवार्य नेपाली समय : ३ घण्टा पूर्णाङ्कः ७५

(शुद्ध लेखाइ, सरल तथा स्पष्ट भाषा र मौलिक तथा विचारात्मक उत्तरलाई अङ्क दिँदा प्राथमिकता दिइने छ।)

**१. समूह क मा दिइएका शब्दहरूको अर्थ समूह ख बाट पहिचान गरी उत्तर पुस्तिकामा लेख्नुहोस्।** (२)

| **समूह क** | **समूह ख** |
|---|---|
| जिउनी | अनौठो, असाधारण |
| आर्तनाद | आमाबुबाका लागि छुट्याइएको सम्पत्ति |
| नाजी | खेतीपाती |
| विलक्षण | दुःख वा पीडाले कराएको आवाज |
| | जर्मनीको एक राजनीतिक दल |
| | प्राकृतिक सौन्दर्य |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : (२)**

जीवन खेलको जस्तो विजय र पराजय मात्र होइन। जीवनमा त अनेकौँ सापेक्ष कुरा पनि हुन्छन् र कैयौँ प्रतिकूलता पनि छन्। तर पनि प्रसिद्धि फैलाएर बाँच्नुपर्छ। यसले जीवनमा खुसी मिल्छ। जीवन रङ्गमञ्चमा अभिनित नाटिका जस्तो मात्र होइन। जीवन त जस्तो भोग्यो त्यस्तै हुन्छ।

(क) 'कीर्ति' शब्दको पर्यायवाची शब्द....................हो।

(ख)'पराजय' शब्दको विपरीतार्थी शब्द..................हो।

(ग)'नाटक' को लघुतावाची शब्द.................. हो।

(घ) 'यश' शब्दको श्रुतिसमभिन्नार्थी शब्द.................. हो।

**३. दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

लट्ठी टेक्दै हिँड्नुपरे पनि धने बुढा कुरुमकुरुम भटमास चपाउन सक्छन्। गाउँमा सबैका आँखाको नानी बनेका उनी बिरामी भई इन्तु न चिन्तु भएका वेला पनि भ्mोल कुरा सलक्क निल्छन्।

**४.(क) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** (१)

| | | | |
|---|---|---|---|
| (अ) सीतोष्ण | शीतोष्ण | शीतोश्ण | शीतोस्ण |
| (आ) बुलबुल | बुलवुल | वुलबुल | वुलवुल |

**(ख) तल दिइएका वाक्यलाई शुद्ध पारेर लेख्नुहोस् :** (२)

प्राचिन ऋषिमुनिले अनेकौँ सभ्यता संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योती संसार भर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित पारे।

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** (३)

<u>**आहा**</u> ! <u>**यो**</u> माछापुच्छे <u>**हिमाल**</u> फेवामा डुबुल्की मारेको देख्दा <u>**त**</u> <u>**यस**</u>ले सबैको ध्यान खिचेजस्तो <u>**लाग्यो**</u>।

**(क) तल दिइएको गद्यांशबाट उपसर्ग र प्रत्यय लागेका दुई दुईओटा शब्दहरू पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :** (२)

प्राकृतिक सुन्दरताले भरिएको सांस्कृतिक महत्त्व बोकेको हाम्रो देश अनुपम छ। यसको सुरक्षा र संवर्धनका लागि सम्पूर्ण जनता एक हुनुपर्छ।

**(ख) तलको गद्यांशबाट एक एकओटा समस्त शब्द र विग्रहित अवस्था पहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित शब्दको समस्त शब्द लेख्नुहोस् अनि दुईओटा द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :** (२)

देशको अमूल्य प्रकृतिको धनलाई नबुझेर बारबार विनाशका मार्गमा लागेका नेपाली दाजु र भाइ तथा दिदी र बहिनीलगायतका दुईजिब्रेहरूले गाउँ गाउँमा पुगेर चेतना फैलाउनुको सट्टा षड्यन्त्रपूर्ण तरिकाले स्वार्थ साटासाट गरेको देख्दा सयपत्री फूल पनि रुन थाल्यो।

**७. तल दिइएको अनुच्छेदलाई आवश्यक परिवर्तनसहित अज्ञात भूत कालमा परिवर्तन गर्नुहोस् :** (२)

आस्था विद्यालयबाट घर गइन्। धारामा गएर हातमुख धोइन्। उनले खाजा खाइन्। उनी गृहकार्य गर्न बसिन्।

**८. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)

**क) सम्भावनार्थक भावका चारओटा अलगअलग क्रियापद प्रयोग गरी चारओटा वाक्यमा आफ्नो भविष्यको योजनाबारे लेख्नुहोस्।**

**(ख) दिइएका वाक्यलाई मध्यम आदरमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

ऊ मेरो आत्मीय मित्र हो। ऊ जेहेनदार छ। उसका अरू साथीहरू पनि छन्। ऊ हँसिलो पनि छ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (४)**

(क) विद्यार्थीद्वारा मिठा मिठाई खाइन्छन्। (कर्तृवाच्य)

(ख) रमेशले गृहकार्य गरेको छ। (प्रेरणार्थक)

(ग) ज्ञानबहादुरले भने, "उज्यालो आएपछि अँध्यारो आफैँ भाग्छ।"(अप्रत्यक्ष कथन)

(घ) जब बारीमा सुन्तला फल्छन् तब बजार लगेर बेचिन्छ।(वाक्य विश्लेषण)

**१०. तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : (४)**

सन्दुक रुइत अध्ययनशील तथा जिज्ञासु प्रवृत्तिका बालक थिए। त्यसैले उनका बुबाले काठमाडौँ ल्याएर सिद्धार्थ वनस्थली स्कुलमा भर्ना गरिदिए। यसैबेला सन्दुककी बहिनीको उपचार नपाएर क्षयरोगका कारण दुःखद् निधन भयो। आफूभन्दा एक वर्षमात्र कम उमेरकी बहिनीको निधनले उनलाई निकै भावुक बनायो। यस घटनापछि शोकाकुल बनेका सन्दुकले डाक्टर बनेर बाबाको सपनालाई साकार पार्ने दृढ अठोट गरे र लगनशील भएर पढ्न थाले। सिद्धार्थ वनस्थली स्कुलबाटै वि.सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरी त्रिचन्द्र कलेजबाट आइएस्सी पूरा गरे। यसै समयमा उनकी अर्की बहिनीको पनि दुःखद् निधन भयो। यसरी एकपछि अर्को गर्दै उनका एक दाजु र दुई बहिनीको हृदयविदारक अन्त्यले सन्दुकको **जीवनमा** पीडामाथि पीडा थपिदियो तर पनि साहस र आत्मबलका साथ अध्ययनलाई निरन्तरता दिइरहे।

प्रश्नहरू:

क) माथिको अनुच्छेदको पहिलो वाक्यलाई अकरणमा बदल्नुहोस्।

ख) माथिको अनुच्छेदमा भएको रेखाङ्कित शब्द **जीवनमा** को कारक र विभक्ति पहिचान गर्नुहोस्।

ग) माथिको अनुच्छेदमा रहेको आफूभन्दा एक वर्षमात्र कम उमेरकी बहिनीको निधनले उनलाई निकै भावुक बनायो।यस वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस्।

घ) सन्दुकले डाक्टर बनेर बाबाको सपनालाई साकार पार्ने दृढ अठोट गरे। वाक्यलाई आलङ्काारिक पदक्रममा परिवर्तन गर्नुहोस्।

**११. तल दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

बालबालिकाका निम्ति लेखिएको र बालबालिकाद्वारा रचिएको साहित्य बालसाहित्य हो। बालसाहित्यको विषयवस्तु छनोट गर्दा बालकको उमेर, रुचि, आवश्यकता, मनोविज्ञान आदिलाई विशेष ध्यान दिनुपर्छ। बालबालिकामा घुमफिर, खेलकुद, संस्कृति, सहयोग, मायाममता, मेलमिलाप, सम्मान, पुरस्कारका प्रसङ्ग समेटिएका विषय तथा घटनाले कौतूहल सिर्जना गर्छ बालपरिवेशका घटनाका रोचक प्रस्तुतिले बालबालिकालाई आफ्नै जीवन तथा क्रियाकलाप पढे जस्तो अनुभूति गराउँछ र मनोरञ्जन प्रदान गर्छ। विभिन्न विषयक्षेत्रसँग सम्बन्धित तथ्य समावेश भएका रचनाले बाल जिज्ञासाको समाधान गर्न सक्छ। बालसाहित्यले बालबालिकालाई सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न मदत गर्छ। यसले बालबालिकामा आत्मविश्वासको भावना बढाउन, राष्ट्रप्रेमको भावना जागृत गराउन मदत गर्छ। विविध कला, संस्कृति, परम्परामा भएका विशिष्ट मूल्यमान्यता तथा लोकसंस्कृतिको हस्तान्तरण गर्न, शब्दभण्डार तथा भाषिक क्षमताको अभिवृद्धि गर्न सहयोग गर्छ। पाठ्यक्रमले निर्देश गरेका सिकाइ उपलब्धि हासिल गराउनका लागि सन्दर्भ सामग्रीका रूपमा पनि बालसाहित्यको उपयोग गर्न सकिन्छ। त्यसैले विद्यालयको पुस्तकालयमा बालसाहित्यका पुस्तक पर्याप्त मात्रामा हुनु जरुरी छ। सूचनाको ज्ञान तथा सिर्जनसिपको प्रवर्धन गर्दै बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न बालसाहित्यको आवश्यकता पर्छ।

प्रश्नहरू:

(क) बालसाहित्यको विषयवस्तु छनोट गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

(ख) बाल साहित्यले बालबालिकामा सिर्जनात्मक क्षमताको विकास कसरी गर्न सक्छ?

(ग) बालसाहित्यको आवश्यकता किन पर्छ ?

(घ) बालसाहित्यका विशेषता के के हुन ?

**१२. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

नामः लेखनाथ पौडेल

जन्मस्थान : गण्डकी प्रदेश, कास्की जिल्ला, अर्घौ अर्चले

जन्ममिति : वि.सं. १९४१ पौष शुक्ल एकादशी

पिताः पं. दुर्गादत्त पौडेल

माता : वसुन्धरादेवी

**शिक्षा** पारिवारिक संस्कारअनुसार स्तोत्रहरू, चण्डी आदि पढेर शिक्षा आरम्भ १५ वर्षको उमेरमा तीनधारा संस्कृत पाठशालामा भर्ना भई संस्कृत व्याकरणमा मध्यमासम्मको औपचारिक अध्ययन,

कृतिहरू : तरुण तपसी, ऋतुविचार, बुद्धिविनोद, सत्यकलिसंवाद आदि

साहित्यिक विशेषता :

- नेपाली साहित्यमा आधुनिक कालका आरम्भकर्ता,
- कविता काव्यबाहेक नाटकक्षेत्रमा पनि प्रसिद्ध हुनु,
- २००८ सालमा कवि शिरोमणिको उपाधि पाउनु,
- २०११ सालमा उनको जन्मोत्सवको अवसरमा साहित्यकार र उच्च पदस्थ व्यक्तिहरूद्वारा उनको रथयात्रा र अभिनन्दन,
- २०१४ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य,
- नेपाली साहित्यको परिष्कारवादी धाराका अगुवा

सम्मान तथा पुरस्कार : २०१९ सालमा उनको तस्विर अङ्कित हुलाक टिकट प्रकाशित, मृत्युपश्चात् २०२६ सालमा त्रिभुवन पुरस्कारद्वारा सम्मानित,
मृत्युः २०२२ साल फागुन ७ गते महाशिवरात्रिका दिन देवघाटमा निधन

**(ख) कालीगण्डकी गाउँपालिकास्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम भई आफू पुरस्कृत हुँदाको क्षणको भावना समेटी मनोवाद तयार पार्नुहोस्।**

**१३. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) जानकी खाद्य भण्डार, कारिकोटले नेपाल खाद्य संस्थान, काठमाडौँलाई विभिन्न खाद्य सामग्रीहरू उपलब्ध गराइदिन अनुरोध गरी लेख्ने व्यवसायिक पत्र तयार गर्नुहोस्।

(ख) विद्यालयले आयोजना गरेको सांस्कृतिक कार्यक्रमका लागि अभिभावकलाई प्रदान गरिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस्।

**१४. तल दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिप्नुहोस् : (२)**

देवकोटाको कवित्व प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय रहेको छ। नेपाली कविताको अहिलेसम्मको यात्रामा प्रतिभा, रचना परिणाम र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा सर्वोच्च कवि मानिएका छन् । देवकोटाको देहावसानपछि वि.सं.२०२३ मा नेपाल प्रज्ञा प्रतिष्ठानले देवकोटालाई मरणोपरान्त त्रिभुवन पुरस्कार प्रदान गरी सम्मानित गऱ्यो । वि.सं. २०६५ मा त्रिमूर्ति निकेतनको संयोजनमा नेपाल सरकारले देवकोटा जन्म शताब्दी भव्य रूपमा आयोजना गऱ्यो। देवकोटाको कृति र उनको कृतित्व विषयमा दर्जनौँ विद्यावारिधि अनुसन्धान भइसकेका छन्। महान् कवि एवम् विलक्षण प्रतिभाशाली देवकोटाले जनस्तरबाटै महाकविको पदवी पाए। उनको पार्थिव शरीर यस धर्तीमा नरहे पनि उनी आफ्ना अमूल्य कृतिमा अनवरत बाँचेका छन् र अमर बनेका छन्।

**१५. तल दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् : (३)**

मलाई मेरो देशको शिक्षामा सर्वसुलभ रूपमा सूचना प्रविधिको पहुँच पुगोस् भन्ने लाग्छ। मेरो देशमा विज्ञान र प्रविधियुक्त शिक्षाको थप खाँचो छ। विज्ञान र प्रविधियुक्त शिक्षा नपुगेका गाउँठाउँमा त्यसको पहुँच सर्वसुलभ हुनु जरुरी छ। आजको युग सूचना र प्रविधिको युग हो। शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ। ती परिवर्तनलाई आत्मसात् गर्न सक्ने नागरिक उत्पादनमा जोड दिने शिक्षाको खाँचो छ। आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौं। जहाजको टिकट काट्न र तीर्थाटन गर्न, रेलको टिकट काट्न सक्छौँ। अनलाइन कारोबार गर्न सक्छौं, अनलाइनबाटै बैङ्क खाता खोल्न र घरमै सामान मगाउन सक्छौँ। आज जागिरका विज्ञापन अनलाइनबाटै खुल्छन्। व्यापार व्यवसाय अनलाइनबाटै गरिन्छन्।

**१६. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : (४+४=८)**

**(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथैं
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथैं।
के छ र गाह्रो होस्टेमा हैँसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै फलाए।

प्रश्नहरु :

अ) देशको सर्वाङ्गिण विकासका लागि के गर्नुपर्छ ?
आ) होस्टेमा हैँसे गर्दा देशलाई कस्तो फाइदा पुग्छ ?

**(ख) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

सन्दुक रुइतले आफ्नो उपचार पद्धतिबाट लाखौं मानिसको सफल शल्यक्रिया गरिसकेका छन्। यसबाट दृष्टि प्राप्त गर्ने विश्वभरका मानिसले उनलाई दृष्टिका देवता मानेका छन्। नेपालको नवीन प्रविधि रुइतेक्टोमीका रूपमा यो उपचार पद्धति एसिया, दक्षिण अमेरिका, अफ्रिकालगायत विभिन्न देशमा प्रयोगमा छ। यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ । उनले मोतीबिन्दुको शल्यक्रिया भिडियोमार्फत र सम्भव भएसम्म आफैँ उपस्थित भएर संसारभरिका डाक्टरलाई सिकाउँदै आएका छन्। उत्तर कोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रका रूपमा प्रसारण गरेको थियो

। उनले पुऱ्याएको योगदानस्वरूप तिलगङ्गा आँखा उपचार केन्द्र अहिले तिलगङ्गा आँखा प्रतिष्ठानका रूपमा स्थापित छ। यसमार्फत उनले पुऱ्याएको मानवीय सेवाको उच्च मूल्याङ्कन गर्दै विश्वका प्रसिद्ध समाचार माध्यमले यसको प्रचारप्रसार गरेका छन्।

**प्रश्नहरू :**

(अ) रुइतका सफलताहरू के के हुन ?

(आ) रुइतका कामको प्रचार किन विदेशसम्म भएको हो ?

**१७. यदि तपाईँ घरको माया एकाङ्कीका पात्र लालबहादुरको ठाउँमा हुनुभएको भए जमानसिंह नेपाल फर्कदा के गर्नुहुन्थ्यो ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस्। (४)**

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : (४)**

(क) तपाईंले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !

(ख) जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दो रहेछ।

**१९. तलका कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : (७)**

**(क) तल दिइएको कथांश पढी सोधिएको प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :**

त्यो दिन मेरो जीवनको सबैभन्दा भयानक दिन थियो। त्यो आधिबेहरी र हुरी जस्तो समय। अचानक कताबाट चल्यो। मेरो सुन्दर संसार तहसनहस पार्‍यो। कमल अफिसबाट फर्कंदाको भएको त्यो बाइक दुर्घटना। उफ् ! ऊसँग मैले छोटो समय व्यतीत गरेँ। छोटो समयमै गहिरो माया दिएर ऊ गयो। कमलको अनुपस्थितिले दिएको छटपटी असह्य थियो।

निकैपछि मैले सुरज सरमा कता कता कमलको प्रतिछाया भेटेँ। सुरज सर कमलको आभास लिएर मेरो जीवनमा आए। मभित्र कतै फेरि एकपटक बाँच्ने चाहना जागृत भएको छ। "म सारा सर्त मान्छु आमा।" म भकभकाएँ।

**प्रश्न :**

अ) आयाम कथामा मानवीय जीवनका केकस्ता आयामको बारेमा देखाउने प्रयास गरिएको छ ? समीक्षा गर्नुहोस्।

**(ख) दिइएको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

तपाईं मात्रै पर्खनुपर्यो भनेर किन पट्टाउनुहुन्छ ? जब तपाईंलाई नपर्खी सुखै छैन। मान्नोस्, पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो। जुन आदर्श आज म तपाईंका अगाडि छाँट्तै छु, भोलि तपाईं मेरा अगाडि छाँट्नुहुन्छ। वास्तवमा तपाईं पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ। हामी दुवै चाहन्छौं, एउटा त्यस्तो नयाँ सिर्जना गरौं जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस्। तर समस्या त उही नै हो, जतिसुकै बलियोसँग चाहे पनि हाम्रो यो चाहना चाहनेबित्तिकै पूरा हुँदैन, पर्खनुपर्छ त्यसैले त म लस्याङलुसुङ गरेर भए पनि घरी यता धाउँछु, घरी उता धाउँछु, घरी यता हुन्छु, घरी उता हुन्छ, जम्स्याङजुम्सुङ गरेर भए प पर्खिरहेछु र तपाईंलाई पनि भन्दै छु, पर्खनुदेखि पट्टाउनु पलायनवादिता हो।

**प्रश्न :**

पर्खोस् निबन्धमा हाम्रा समाजका कस्ता पक्षमाथि व्यङ्ग्य गरिएको छ, समीक्षा गर्नुहोस्।

**२०. तलका कुनै एक शीर्षकमा कम्तीमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :**(७)

(क) राष्ट्रप्रति मेरो कर्तव्य

(ख) कृषिमा आधुनिकीकरण

(ग) सामाजिक सञ्जालको सदुपयोग

**सफलताको शुभकामना!!**